# बन्दीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय तनहुँ

## प्रधानमन्त्री रोजगार कार्यक्रमको बार्षिक प्रगति प्रतिबेदन

आ.ब २०७६।७७



<u>तयार गर्ने</u>

रोजगार सेवा केन्द्र

बन्दीपुर गाउँपालिका

## कार्यक्रमको सामान्य परिचय

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको छ । सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी समेत भएको छ । नेपाल सरकारले चालु आर्थिक वर्ष २०७६/७६७को नीति तथा कार्यक्रम र बजेटमार्फत् सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो। रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ । सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन,पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गर्नु पर्ने आवश्यकता छ । यस्तो अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरुमा पर्याप्त संख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरुको कार्यान्वयन गर्ने प्रबन्ध गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा ल्याइएको हो । यसरी रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्रमार्फत हुने भई स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ । यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्तीबीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ

## बन्दिपुर गाउँपालिकाको सामान्य परिचय

बन्दीपुर गाउँपालिका नेपालको गण्डकी प्रदेशमा पर्ने तनहुँ जिल्लामा अवस्थित एक गाउँपालिका हो । आर्थिक वर्ष २०६८/६९ को बजेट मार्फत् मुलुकमा ४१ नयाँ नगरपालिका थपिंदा बन्दीपुरलाई नगरपालिका घोषणा गरिएको थियो । यसलाई नगरपालिका घोषणा गर्दा धरमपानी र बन्दीपुर गाउँ विकास समितिहरू समावेश गरिएका थिए । विसं २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा साविकको बन्दीपुर नगरपालिकामा घाँसीकुवाका (१र ९) वडाहरू,

र केशवटारका (१,८ र ९) वडाहरूलाई समेटेर बन्दीपुर गाउँपालिका घोषणा गरिएको हो । बन्दीपुर गाउँपालिकाको केन्द्र साविक बन्दीपुर नगरपालिकाको कार्यालय रहको छ । बन्दीपुर गाउँपालिकामा ६ वडाहरू रहेका छन । बन्दीपुरको कुल क्षेत्रफल १०२ वर्ग कि.मी. छ । राष्ट्रिय जनगणना २०६८का अनुसार यी ठाउँहरूको जनसंख्यालाई जोडेर बन्दीपुर गाउँपालिकाको जनसंख्या २०,०१३ रहेको छ ।

नेवार संस्कृतिमा लिपिएको बन्दीपुरको सहरी संरचना साढे दुई सय वर्ष पुरानो मानिन्छ । रहनसहन, थिति र संरचनाका साथसाथ प्राकृतिक सौन्दर्य बन्दीपुरका विशेषता हुन् । बन्दीपुर वरिपरिका गाउँमा मगर संस्कृतिको अवलोकन गर्न पाइन्छ । हिमालयको फराकिलो दृश्य बन्दीपुरको विशेषता हो । बजारबाट दश मिनेट परको टुँडिखेलबाट हिमालको हिउँमात्र देखिँदैन, ३०० कि.मी. फराकिलो क्षितिजमा फैलिएका फाँट, पहाड पनि देखिन्छन् ।

## बन्दिपुर गाउँपालिकामा रोजगारीको सँभाव्यता र अवसर

पहाडकी रानी उपमा पाएको बन्दिपुर गाउँपालिका देशकै उत्कृष्ट पर्यटकीय गन्तव्य हो । स्वदेश तथा विदेशबाट हजारौ पर्यटकहरु यस गाउँपालिकामा घुम्न आउने गर्दछ । पर्यटनको अवसर सगै आर्थिक क्रियाकलापमा पनि वृद्धि भएको छ जसले गर्दा रोजगार ,स्वरोजगार तथा पर्यटक पुर्वधार विकासमा रोजगारीको अवसर श्रृजना भएको छ,। प्राकृतिक मनमोहक रमणीय दृब्यवलोकन, मुर्त तथा अमुर्त सम्पदा , मौलिक सँस्कार र सँस्कृती ग्रामिण पर्यटनको बिशेषता हो । यस सँगै ग्रामिण क्षेत्रमा कृषि उत्पादनमा बृद्धि तथा वस्तुहरुको विविधिकरण र बजारिकरणमा सहयोग पुगेकोछ । ग्रामिण क्षेत्रमा विकास भएका यस्ता होम्स्टेहरुले स्थानीय स्तरमा कृषक देखी लिएर सयौको सँख्यामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोजगारीको श्रृजना गरेको छ । त्यस्तै बन्दिपुरमा निर्माण भएको पर्यटन पुर्वधारहरु मिनिग्रट वाल, भ्यु प्वाईन्ट, पदमार्गको निर्माण, जिप फलाई ले सयौको सँख्यामा रोजगारीको श्रृजना गरेको छ त्यसैले यस बन्दिपुर गाउँपालिका रोजगारीको सँभावनाले भरिएको स्थानीय तह हो ।

## रोजगार सेवा केन्द्र र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको वितिय विवरण

| क्र.स | शिर्षक | प्राप्त अनुदान | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| चालु कार्यक्रम खर्च | | | | |
| १ | तलब | ४६७८७०/- | ४६७८७०/- | ० |
| २ | पोशाक | १००००/- | १००००/- | ० |
| ३ | कार्यलय सँचालन तथा मसलन्द | ५००००/- | २४२००/- | २५८००/- |
| जम्मा | | ५२७८७०/- | ५०२०७०/- | २५८००/- |

पुजिगत कार्यक्रम खर्च (कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना) प्राप्त अनुदान -१४६००००/-

| क्र.स | योजनाको नाम | खर्चको श्रोत | | जम्मा |
|---|---|---|---|---|
| | | स्थानीय तह | प्र.म.रो.का. | |
| १ | मुकुन्देश्वरी रामकोट साईकल लेन निर्माण | ० | ६०८५५० | ६०८५५० |
| २ | झारगाउँ मगरटोल सडक ढलान | ८८२५२६ | ४२४७५० | १३०७२७६ |
| ३ | ज्ञान्पा देखी गोरखनाथ सिढि निर्माण | ० | २४२३२३ | २४२३२३ |
| | जम्मा | ८८२५२६ | १२७५६२३ | २१५८१४९ |
| बाकी रकम | | | १८४३७७ | |

## भौतिक प्रगती

| क्र.स | योजनाको नाम | कुल रोजगारी दिन | रोजगारी प्राप्त | | | राजगारी प्राप्त औषत दिन | भौतिक प्रगती |
|---|---|---|---|---|---|---|---|
| | | | म | पु | ज | | |
| १ | मुकुन्देश्वरी रामकोट साईकल लेन निर्माण | ८४७.५ | १३ | १६ | २९ | २९ | ३ कि.मी लम्बाई र १.५ मिटर चौडाईको साईकल लेन निर्माण |
| २ | झारगाउँ मगरटोल सडक ढलान | ५९५ | ७ | ९ | १६ | ३७ | ९० मिटर लम्बाई र ४ मिटर चौडाईको सडक ढलान सम्पन्न, ४१ मिटर सोलिङ |
| ३ | ज्ञान्पा देखी गोरखनाथ सिढि निर्माण | ३२२ | ५ | ९ | १४ | २३ | ३१५ मिटर सिढि बाटो निर्माण सम्पन्न |
| | | १७६४.५ | २५ | ३४ | ५९ | २९.९ | |



रोजगार सेवा केन्द्र

> ➢ रोजगार सम्बन्धी सुचना, रोजगारमुलक सेवा, सिप तथा क्षमता विकास सम्बन्धी तालिम ,वितिय सेवा तथा व्यवसायीक योजना लगायका रोजगार र स्वरोजगार सम्बन्धी एकिकृत सेवा प्रदान गर्न स्थापना भएको केन्द्

## आ.व २०७६।७७ का मुख्य क्रियाकलाप तथा उपलब्धीहरु

| क्रियाकलापहरु | उपलब्धी तथा सुचकहरु |
|---|---|
|  रोजगार सेवा केन्द्को समन्वयमा प्रदान गरिने न्युनतम रोजगारीमा सँलग्न हुने बेरोजगारहरुको सुचि सँकलन, छानबिन, प्रमाणिकरण र सुचि सार्वजनिक | • ७४२ जनाको आवेदन सँकलन<br>• छानबिन र प्रमाणिकरण गरि १८१ जनाको सुचि प्रकाशन |
|   विभिन्न सिपमुलक रोजगारमुलक तालिम सम्बन्धी सेवाप्रदायक सँस्थासँग समन्वय | |
| १: वडामा आवश्यक तालिम माग संकलन गरि सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशमा पेश | वडाबाट माग भएबमोजिमका १६ वटा विभिन्न विषयका तालिमहरुको विवरण पठाईएको (सहभागी संख्या-३३०) |
| २: बिपन्न तथा बेरोजगार व्यक्तिलाई नि शुल्क सिपमुलक: तालिमका लागि पोखरा भ्याली टेक्निकल ट्रेनिंङ इन्स्टिच्युटलाइ सिफारिस | ३१ जना सिफारिस गरि पठाएकोमा (प्लम्बर ५ जना र मोबाइल मर्मत २ जनाले तालिम लिएको ) |
| ३: पुरातत्व विभागबाट सँचालन भएको प्रस्तरकला र काष्ठकला तालिममा सहभाग | २०जना सहभागी भएको (२जना सुचिकृत) |

| | |
|---|---|
| लक्षित वर्ग योजना तथा कार्यक्रम माग सम्बन्धि सूचना प्रकाशित गरि योजना संकलन तथा छनौट | वडाबाट क्षमता विकास, सचेतना आदि विभिन्न विषयमा महिला,अपा,दलित जनजाती लगायतका विभिन्न समुदाय र समुहबाट ४८ वटा योजना सँकलन गरिएको |
| आ.व. २०७६।७७ मा सुचिकृत बेरोजगारहरुलाई न्युनतम रोजगारीमा सँलग्न गराउन योजना छनौट गरि मन्त्रालय पठाईएको | कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजना सँचालन तथा व्यवस्थापन कार्यविधी २०७६ अनुसार ३ करोड २ लाख लागतका ३२ वटा योजनाहरु योजनाहरु पेश गरिएको |
|   बेरोजगार व्यक्ति रोजगार ब्यबस्थापन सूचना प्रणाली अनलाइनमा प्रविष्ठ | १८१ जनाको विवरण रोजगार ब्यबस्थापन सूचना प्रणालीमा प्रविष्ठ |
|  नीतिगत व्यवस्थाहरु | ☛ बन्दिपुर गाउँपालिकाको रोजगार सम्बन्धि कार्यविधी २०७६ को निर्माण<br>☛ श्रममा आधारित राहत वितरण कार्यविधी २०७६ को निर्माण<br>☛ रोजगार कोष सँचालन तथा व्यवस्थापन कार्यविधी २०७६ |
|   सार्वजनिक निर्माणमा श्रमको प्रयोगबाट रोजगारी | ☛ श्रममा आधारित राहत वितरण कार्यक्रमबाट ८५० दिन रोजगारीका श्रृजना भई सार्वजनिक निर्माणमा कार्यमा युवाहरु सहभागी<br>☛ कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजनाबाट ५९ जनाले १७६४.५ दिन औषतमा २९ दिन रोजगारी उपलब्ध भएको |
|   रणनैतिक सञ्चार | ☛ जिल्ला स्थित क्रियाशिल विभिन्न सँचार माध्यम तथा मिडिया सँग रोजगार सेवा केन्द्रले सम्पादन गरेका कार्यहरुको निरन्तर सुचना सम्प्रेषण (News Coverage) तथा अन्तरवार्ता |

| | |
|---|---|
|  अनुगमन, रिपोर्टिङ र मुल्यांकन | ❖ मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन तयार गरि मन्त्रालय, प्रदेश जिल्ला तथा प्रमुख प्रशासकीय अधिकृतलाई पठाईएको<br>❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको जनप्रतिनिधी, सरोकारवाला, समुदाय तथा कर्मचारीबाट निरन्तर अनुगमन |
| **अन्य कार्यहरु** | |
| पर्यटनसँग सम्बन्धित कार्यहरु (पर्यटनको Focal Person को रुपमा) | • होमस्टे व्यवस्थापन तालिम सँचालन<br>• पर्यटन सँग सम्बन्धित विभिन्न सुचना तथा तथ्याँकहरुको सँकलन तथा डाटा व्यवस्थापन र आवश्यकता अनुसार सरोकारवाला सँग समन्वय र रिपोर्टिङ (प्रदेश तथा जि.स.स. तनहु) |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु | |

## ४ कार्यक्रमका राम्रा पक्षहरु

- ❖ यस कामबाट श्रमको सम्मान गर्ने तथा काम गर्ने बातावरणको श्रृजना भएको छ ।
- ❖ गाउँ घरमा रोजगारीको अवसर सिर्जना भएको
- ❖ आयोजनामा अपनत्वको भावना भएको
- ❖ आफ्नो गाउ,आफै बनाऊ भन्ने भावनको श्रृजना भएको
- ❖ स्थानीय स्तरमा रोजगारी पाउँदा सम्बन्धित पक्षको आर्थिक,सामाजिक तथा जिविकोपार्जनको क्षेत्रमा पुग्न गएको देखिन्छ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम प्रति निर्बाचित जनप्रतिनिधि, कर्मचारी स्थानीयको सहयोग र भूमिका रहेको
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गर्न तथा स्थानीय स्तरमा रोजगारीको श्रृजना गर्न गाउँपालिकाबाट थप बजेट विनियोजन
- ❖ श्रम सुचना बैंकको निर्माण तथा रोजगार कोषको स्थापना

## ५ समस्याहरु

- रोजगार केन्द्रमा सुचिकृत व्यक्तिहरुलाइ रोजेको क्षेत्र अनुसार  दक्ष र शिक्षित जनशक्तीलाई कार्यक्रममा  समावेश गर्न नसकिएको
- सुचिकृत बेरोजगारहरुले कार्यक्रम प्रति ठुलो आशा राख्नु । सुचिकृत हुने बितिकै रोजगार पाईन्छ भन्ने सोच राख्नु ।
- प्रदेशसँग समन्वयको अभाव ।
- अति विपन्न श्रमिकहरुलाई १०० दिनको रोजगारी ग्योन्टीमा भौगोलिक विकटता र आयोजनाको छनौटको कारणले समस्या श्रृजना हुनु ।
- बेरोजगार पहिचानमा त्रुटि हुन सक्ने जोखिम
- प्राविधिकको अभावको कारण योजनामा कार्यन्वयनमा समस्या
- सेवा केन्दमा जनशक्तीको अभावको कारण रोजगार सँयोजकको धेरै समय तथ्याँक प्रविष्ठीमा जाने
- सरोकारवाला उद्योग वाणिज्य सँघ, घरेलु तथा साना उद्योग व्यवसायी सँघ लगायतका अन्य रोजगारदाताहरु सँग समन्वयको अभाव,

GANDAKI PROVINCE

# A local unit in Tanahun employs locals hit hardest by lockdown in development works

Bandipur Rural Municipality deems it more sustainable to provide job opportunities to the locals than providing relief packages.



Source: The kathmandu post

https://bit.ly/317f4ma



कान्तिपुर (Friday, June 19, 2020)

राहतको साटो काम

कान्तिपुर दैनिक पत्रिका २०७७।३।५

https://bit.ly/3ghyTfa

कान्तिपुर

गण्डकी

# लकडाउनले मर्कामा परेकालाई गाउँमै रोजगारी

: सेयर

कास्कीको अन्नपूर्ण र तनहुँको बन्दीपुर गाउँपालिकाले लकडाउनले आम्दानी खोसिएकालाई राहतको सट्टा काम दिएका छन् । यसबाट रोकिएको विकास–निर्माण योजना अघि बढ्नुका साथै स्थानीयलाई खर्च जोहो भएको छ ।

असार १, २०७७ | लालप्रसाद शर्मा, सम्झना रसाइली

**स्रोतः कान्तिपुर** https://bit.ly/2QjfHmJ




#SagarmathaReport #SagarmathaTV

युवाहरुलाई श्रममा आधारित राहत | Tanahun | Sagarmatha Report

स्रोतः सगरमाथा टेलिभिजन

https://bit.ly/2FzSOcl

कालीगण्डकी खबर डटकम

बुधवार, भाद्र ३ गते २०७७

# साइकल लेन निर्माण शुरु

दमौली : तनहुँको बन्दीपुर गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ गरिएको छ । 'सबैका लागि रोजगार, संवैधानिक अधिकार' भन्ने मूल नाराका साथ सरकारले गत वर्षदेखि शुरु गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँपालिकाले चालू आर्थिक वर्षका लागि सोमबारदेखि कार्यक्रम शुभारम्भ गरेको हो । कार्यक्रमअन्तर्गत गाउँपालिकामा साइकल लेन निर्माणको थालनी गरिएको छ । पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यसहित गाउँपालिकाले बन्दीपुर गाउँपालिका–४ र ५ मा अवस्थित रानीवन क्षेत्रमा साइकल लेनको खोजी गरेको थियो । साइकल लेन बनाउनका लागि रोजगार कार्यक्रममार्फत २७ जनालाई खटाइएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । साइकल लेन निर्माणका लागि १७ पुरुष र १० महिला खटाइएको छ । कोभिड–१९ को जोखिम न्यूनीकरणका लागि सावधानी अपनाएर काम शुरु गरिएको थापाले जानकारी दिनुभयो । "बन्दीपुर पर्यटन गन्तव्यका रूपमा विकास भइरहेको छ, यहाँभित्र नयाँ–नयाँ गन्तव्य निर्माण गर्न सकिए पर्यटनमा थप टेवा पुग्ने विश्वास गरिएको छ", थापाले भन्नुभयो, "सोहीबमोजिम साइकल लेन निर्माणका लागि काम शुरु गरेका हौं ।" रानीवनको जङ्गलमा साइकल लेन बनाउनका लागि सम्भाव्यता अध्ययन गरिएको थियो । अध्ययनबाट साइकल लेन बनाउन उपयुक्त देखिएकाले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत यो काम शुरु गरिएको उहाँको भनाइ छ । गाउँपालिकाका रोजगार संयोजक शरणसिं गुरुङले साइकल लेन निर्माणका लागि बन्दीपुर गाउँपालिका–२, ३ र ४ का कामदार खटाइएको जानकारी दिनुभयो । रामकोटबाट मुकुन्देश्वरीतर्फ साइकल लेन निर्माणका लागि १२ र वडा नं ४ तर्फबाट साइकल लेन निर्माणका लागि १५ जना खटाइएको छ । प्रधानमन्त्री रोजगारमार्फत खटिएकालाई दैनिक रु ७०० पारिश्रमिक दिइनेछ ।  रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका १४५ जना छन् । कार्यक्रमका लागि चालू आर्थिक वर्षमा सरकारले गाउँपालिकालाई रु १४ लाख ६० हजार सशर्त अनुदान दिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत गाउँपालिकामा विभिन्न आयोजना सञ्चालन गरिनेछ । जसअनुसार वडा नं ५ मा गाउँपालिकासँगको लागत साझेदारीमा सडक ढलान गर्ने काम हुँदैछ । त्यसका लागि गाउँपालिकाले रु छ लाख र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रु तीन लाख लागत साझेदारी गरिँदैछ । त्यस्तै वडा नं ६ मा पैदलमार्ग र सिंढी बाटो निर्माण गरिने र त्यसको स्टिमेट हुन बाँकी रहेको गुरुङले जानकारी दिनुभयो । "रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका बेरोजगारलाई नै आगामी दिनमा विभिन्न आयोजना निर्माणमा खटाउँछौं", उहाँले भन्नुभयो । **पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने विश्वास** साइकल लेनले गाउँपालिकाको पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने विश्वास लिइएको छ । देश तथा विदेशमा प्रख्यात रहेको बन्दीपुरमा नयाँ–नयाँ पर्यटकीय गन्तव्य पहिचान गर्ने उद्देश्यसहित साइकल लेन निर्माण गर्न लागिएको र यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साइकलयात्रीलाई बन्दीपुरमा भित्र्याएर यहाँको पर्यटन प्रवद्र्धन गर्न सकिने गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो । साइकल लेन निर्माणपछि राष्ट्रियस्तरका साइकल प्रतियोगिता बन्दीपुरमा गर्न सकिने र यसले यहाँको प्रचारप्रसार हुने अध्यक्ष थापाको विश्वास छ । रानीवन जङ्गल र हिमशृङ्खलाको मनोरम दृश्य पनि अवलोकन गर्न सकिन्छ । गाउँपालिकाले विकासका लागि गुरुयोजना नै बनाएर नै अगाडि बढेको छ । गाउँपालिकाले बन्दीपुरको २० वर्षे गुरुयोजना तयार गरिसकेको छ । काठमाडौं, पोखरा र सौराहाजस्ता पर्यटकीय केन्द्रहरुको बीचमा रहेको बन्दीपुरलाई यिनै केन्द्रहरुको पनि केन्द्रका रूपमा विकास गर्ने गाउँपालिकाको सोच लिइएको छ । बन्दीपुर आफैंमा एउटा प्राकृतिक सौन्दर्यता र पर्यटकीय सम्भावना बोकेको ठाउँ भएकाले यसलाई संरक्षण, संवद्र्धन र विकास गरी यो क्षेत्रको प्रमुख आयस्रोत नै पर्यटन बनाउने योजनासहित गाउँपालिकाले कार्यक्रमहरु अगाडि बढाउने थापाले जानकारी दिनुभयो । सोहीबमोजिम गाउँपालिकाले वडा नं २ स्थित थानीमाई मन्दिरबाट पदमार्ग पर्खाल निर्माण शुरु गरिसकेको छ । चीनमा रहेको विश्वकै प्रसिद्ध ग्रेटवालको झल्को दिने गरी गत वर्षदेखि नै पदमार्ग पर्खाल निर्माणको काम भइरहेको छ । गत आर्थिक वर्षमा रु १० लाखको लागतमा ३०० मिटर पदमार्ग पर्खाल निर्माण सम्पन्न भएको र चालू आवमा रु ६० लाखको लागतमा एक हजार ३०० मिटर पदमार्ग पर्खाल निर्माण गरिनेछ । करिब तीन किलोमिटर दूरी रहने उक्त पदमार्ग पर्खाल निर्माणका लागि करिब रु दुई करोड बजेट अनुमान गरिएको छ । गाउँपालिकाले टुँडिखेलमा सिसाको 'दृश्यावलोकन स्तम्भ' निर्माण गर्ने योजना अगाडि सारेको छ । सिसाको 'दृश्यावलोकन स्तम्भ' का लागि करिब रु तीन करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको थापाले जानकारी दिनुभयो । जमिनको सतहबाट पाँच फिट अग्लो टावर निर्माण गरेर दृश्यावलोकनको केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ । बन्दीपुरमा ढुङ्गाले छापेको बाटोबाट सवारी साधन जान निषेध गरिएको र पुराना घर भएकाले पनि विदेशी आकर्षित हुने गरेका छन् । यहाँ रहेका परम्परागत घरका कारण यहाँको पर्यटनमा टेवा मिलेको व्यवसायीको भनाइ छ । पोखराबाट ७४ किलोमिटर र काठमाडौंबाट १४२ किलोमिटरको दूरीमा रहेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे«, धवलागिरिलगायत हिमशृङ्खला देखिन्छ । भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रविन्दु बन्ने गरेको छ ।

प्रकाशित मिति :  जेठ ७, २०७७ बुधवार - ०१:०७:४१ बजे

स्रोतः कालीगण्डकी खबर डट कम

https://bit.ly/3iV7TDW

कान्तिपुर

गण्डकी

# मजदुरलाई राहतको सट्टा रोजगार

जेष्ठ ६, २०७७ | सम्झना रसाइली

तनहुँ — जिल्लाको बन्दीपुर गाउँपालिकाले मजदुरलाई राहतको सट्टा रोजगार दिएको छ । कोरोना भाइरस (कोभिड–१९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउनका कारण प्रभावित बनेका मजदुरलाई गाउँपालिकाले राहतको सट्टा काममा खटाएको हो ।



बन्दीपुर गाउँपालिकास्थित साइकललेन निर्माण कार्यमा खटिएका मजदुरहरु । तस्बिर: सम्झना/कान्तिपुर

स्रोतः कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका

**https://bit.ly/२YgTf१L**

NagarikKhabar

२०७७ साल भाद्र ३ गते, बुधवार

गृहपृष्ठ | मुख्य खबर | राजनीति | समाज | प्रदेश | अर्थ | मनोरञ्जन | खेलकुद | सुरक्षा अपराध | संसार

# प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी प्रदान




२०७७ साल जेष्ठ १३ गते, मंगलवार ०१:३९ PM | 0 Comments | समाज, गण्डकी

**दमौली ।** तनहुँको बन्दीपुर गाउँपालिका –५ को झारगाउँमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सडक ढलान शुरुवात गरिएको छ ।

स्रोतः https://bit.ly/३२२NVQN

CLICKMANDU | मनि मार्केट | कर्पोरेट | अर्थतन्त्र | प्रविधि

# माउन्टेन बाइकका लागि बन्दीपुरमा साइकल लेन

**बिष्णुकान्त घिमिरे** २०७७ असार ३ गते १५:३४ मा प्रकाशित



बन्दीपुर । चिटिक्क ढुङ्गा चिटेको बाटो । परम्परागत भक्तपुरे नेवारी शैलीका घर । हरियाली वातावरण । फराकिलो हिमश्रृङ्खलाको अवलोकन । सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यजस्ता विविध विशेषताले निपुर्ण तनहुँको बन्दीपुरले 'पहाडकी रानी'को उपमा पाएको छ ।

स्रोतः https://bit.ly/3aHzhlJ

**बन्दिपुर गाउँपालिका** **Bandipur Rural Municipality**
May 18 ·

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजना मुकुन्देश्वरी रामकोट साईकल लेन निर्माण आजबाट सुरुवात भयो ।
पर्यटकीय नगरी बन्दिपुर हुदै रामकोट पुग्न सकिने यो लेन ५ किलोमिटरको हुनेछ ।
साईकल यात्रीहरु प्राकृतीक सौन्दर्य र रमणीय हिमालहरुको मनोरम दृश्यवलोकन हेर्दै पर्यटकीय गाउँ रामकोट पुग्न सक्नेछन।
यस आयोजनाबाट १० महिला र १७ पुरुष गरि कुल २७ जनाले एक महिनाको रोजगारी प्राप्त गर्नेछन ।
कोरोनाको जोखिमलाई मध्यनजर गर्दै ५- ५ जनाको सुमह बनाई सा... **See More**



**बान्दिपुर गाउँपालिका** **Bandipur Rural Municipality**
Government Organization

Send Message

स्रोत: https://bit.ly/2Yf2WOq

# योजनाका फोटोहरु

ज्ञान्पादेखी गोरखनाथ सिढि बाटो निर्माण योजना



पहिले



अहिले



ज्ञान्पादेखी गोरखनाथ सिढि बाटो निर्माण योजना









ज्ञान्पादेखी गोरखनाथ सिढि बाटो निर्माण योजना को झलक

## झारगाउँ सडक (पहिले)





## झारगाउँ सडक (अहिले)





सोलिङ हुदै



रड राख्ने काम हुदै











## मुकुन्देश्वरी रामकोट साईकल लेनको केही झलक







## मुकुन्देश्वरी रामकोट साईकल लेनबाट बन्दिपुरको दृश्य



## मुकुन्देश्वरी रामकोट साईकलका केही झलकहरु









धन्यवाद